स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्देशक तथा अभिनेता निश्चल बस्नेत र अभिनेत्री स्वस्तिमा खड्का दम्पतीको प्रमुख भूमिका रहेको फिल्म 'बेहुली फ्रम मेघौली'को नयाँ गीत सार्वजनिक गरिएको छ । 'उडायो मन' बोलको गीतमा इन्द्रकला राईको गायन रहेको छ भने जयन जे. वाइबाको शब्द रचना तथा संगीत छ । यो गीतमा केही अन्तरा थारु भाषामा पनि छ । प्रेमीको पर्खाईमा बसेकी एक युवतीको उमंग गीतले बोल्छ ।

**आजको विचार...**



दुर्गा प्रसाद अर्याल

नेपालको...

(दुई पेजमा)



गुरुङ समुदायको संस्था 'तमु धिं नेपाल' ले प्रदर्शनरत फिल्म 'घरज्वाइँ' मा समावेश रोधीसँग सम्बन्धित प्रस्तुतिलाई सम्पादन गर्न आग्रह गरेको छ । उक्त संस्थाले फिल्ममा प्रयोग गरिएको रोधी संस्कृतिसँग सम्बन्धित केही दृश्य र संवाद रोधीको मर्म विपरीत रहेको बताउँदै हटाउन माग गरेको हो । विज्ञप्तिमा भनिएको छ, 'नकारात्मक वा भ्रमित हुने गरी रोधीसँग सम्बन्धित प्रस्तुतिलाई तत्काल बन्द गर्न अनुरोध छ।

❐ वर्ष ३० ❐ अंक ६ ❐ २०८१ साउन ६ गते आइतबार 21 July 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## लुम्बिनीमा मुख्यमन्त्रीले आज विश्वासको मत लिदैं

**तुलसीपुर (दाङ),** साउन ५/लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले आज आइतबार विश्वासको मत लिंदै छन् । आइतबार दिउँसो १ बजे बस्ने लुम्बिनी प्रदेशसभाको चौथो अधिवेशनको २४ औं बैठकमा उनले विश्वासको मत लिन लागेको प्रदेशसभा सचिव दुर्लभकुमार पुनले बताए ।

सरकारमा रहेको एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री महराले विश्वासको मत लिन लागेका हुन् । केन्द्रमा सत्ता समीकरण फेरिएसँगै त्यसको प्रभाव प्रदेशमा पनि परेको छ । लुम्बिनीमा एमाले र कांग्रेसले नयाँ सरकार बनाउन कसरत गरिरहेका छन् । लुम्बिनीमा एमालेका २९ र कांग्रेसका २७ सांसद छन् । त्यस्तै माओवादी केन्द्रका १० सांसद छन् । त्यस्तै साना दल राप्रपा र नागरिक उन्मुक्तिका चार-चार जना, लोकतान्त्रिक समाजवादी र जनमत पार्टीका तीन/तीन जना, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) र उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीमा दुई/दुईजना तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चाका एक/एकजना सदस्य छन् भने एकजना स्वतन्त्र सदस्य छन् । सतासी सांसद रहेको लुम्बिनीमा बहुमतका लागि ४४ सांसद आवश्यक पर्छ । *-रासस*

# बीपीको स्मरण : विचारमा पातलिँदो स्मृति दिवस

***बीपीबिना नेपालको लोकतान्त्रिक आन्दोलन र सैद्धान्तिक-वैचारिक बहस नै अपूर्ण हुने भएकाले उनीबारे विमर्श हुनु स्वाभाविक नै हो । तर बीपीका अनुयायीहरु नै उनको विचारलाई आत्मसाथ गर्न सकिरहेका छैनन् ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ५/नेपाली काँग्रेसका संस्थापक तथा प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको योगदानको स्मरण गर्दै आज नेपाली काँग्रेस र भातृ संस्थाहरुले देशैभर विभिन्न कार्यक्रमसहित ४२ औं बीपी स्मृति दिवस मनाउँदै छन् । उनका फोटामा माल्यार्पण गरिनेछ, बीपीका जीवन भोगाइ र दुई/चारवटा बीपी विचारका कर्खा कार्याकर्ताकालाई सुनाएर यो स्मृति दिवस अन्त्य हुनेछ । यसरी नै हरेक वर्ष भौतिक रूपमा बीपी स्मृति दिवस मनाइन्छ, । तर, देश कतातर्फ लगिरहेका छौं भन्ने कुरा बीपीका विचारका कसीमा स्मरण गरिने छैन् । पार्टी नेता तथा कार्यकर्ताले आ-आफ्नै तौरतरिकाले विभिन्न कार्यक्रममार्फत बीपीको स्मरण गर्ने छन् । नेपालमा प्रजातन्त्रको स्थापनाका लागि संघर्ष गरेका कोइराला विक्रम संवत् २०१५ सालको संसदीय निर्वाचनपछि २०१६ जेठमा पहिलो निर्वाचित प्रधानमन्त्री बनेका थिए । २०१७ साल पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्थ गरिएपछि कोइराला लगायत नेतालाई बन्दी बनाइएको थियो । २०२५ सालमा स्वास्थ्य परीक्षणका लागि जेल मुक्त भएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताएका थिए । भारतमा निर्वासित भएर प्रजातन्त्र पुनः स्थापनाका पक्षमा संघर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ वटा ज्यान मुद्दाको पर्वाह नगरी २०३३ साल पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई उनी स्वदेश फर्किएका थिए । उनले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक मानिन्छ । बीपीले नेपाली साहित्यका क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याएका थिए । ४२ वर्षपहिले २०३९ साउन ६ गते देहवसान भएका कांग्रेसका संस्थापक नेता कोइरालाबारे अहिले पनि बहस, विवेचना र विमर्श चलिरहेको छ । निरंकुश राणा शासन र अधिनायकवादी राजतन्त्रको अन्त्य गरी लोकतन्त्र स्थापनाका लागि पाँच दशकभन्दा लामो संघर्षपूर्ण र उतारचढावपूर्ण इतिहास भएका बीपी राजनीतिक दृष्टिले आजपर्यन्त जीवित छन् । २००७ सालको जनक्रान्तिबाट प्रजातन्त्र स्थापना भएपछि मोहनशमशेर नेतृत्वको अन्तरिम सरकारमा ९ महिना गृहमन्त्री तथा २०१५ सालको आमनिर्वाचनमा कांग्रेसले दुईतिहाइ हासिल गरेपछि १८ महिना प्रधानमन्त्री भएका बीपी केवल २७ महिना सत्तामा रहे । तर, सैद्धान्तिक तथा वैचारिक दृष्टिले अद्यापि नेपाली राजनीतिको केन्द्रविन्दुमा बीपी छन्, उनीमाथि हुँदै आएका बहस र विमर्शले यसलाई पुष्टि गर्छन् ।

*-बाँकी अन्तिम पेजमा*



## बीपीको सम्झनामा पाल्पा र गुल्मीमा यस्ता छन् कार्यक्रम

**पाल्पा,** साउन ५/ प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको ४२ औं स्मृति दिवस विभिन्न कार्यक्रम गरी आज देशैभर मनाइँदैछ । कोइरालाको स्मृतिका अवसरमा नेपाली काँग्रेस र पार्टीका भ्रातृ संगठनले देशभर कार्यक्रम तय गरेका छन् ।

पाल्पा र गुल्मी काँग्रेसले पनि बीपी स्मृतिका लागि एक हप्ता अघि नै कार्यक्रम सार्वजनिक गरेका छन् । बीपीको सम्झना गर्दै बीपी विचार गोष्ठी, अन्तर्क्रिया, ऐतिहासिक तथा धार्मिक क्षेत्रमा वृक्षारोपण, विरामीहरुलाई फलफूल वितरण जस्ता कार्यक्रम आयोजना गर्न लागिएको नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले जानकारी दिए । उनका अनुसार नेपाली काँग्रेसको शुभेच्छुक संस्था सहिद स्मृति प्रतिष्ठानको आयोजनमा पाल्पा अस्पतालमा फलफूल वितरण, पाल्पाको ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थल भैरवस्थान मन्दिर परिषरमा नेपाली काँग्रेस वडाको आयोजनामा वृक्षारोपणसँगै खुला अन्तर्क्रिया र रामपुरको बीपी स्मृति पार्कमा फूलहरु रोप्न लागिएको छ । उता गुल्मी काँग्रेसले पनि वडातहदेखि जिल्ला तहमा छुट्टाछुट्टै कार्यक्रम गर्न लागेको छ ।

जिल्ला कार्यसमितिले बीपीका विचार र वर्तमान सन्दर्भ विषयक गोष्ठी आयोजना गरेको छ भने वडा र पालिकाहरुमा वृक्षारोपण, विरामीहरुलाई फलफूल वितरण, सरसफाई र अन्य सामाजिक कार्य गरी भव्य रुपमा स्मृति दिवस मनाउन लागिएको पार्टी सचिव जगदीश भट्टराईले बताए ।

## विश्वासको मत लिँदै प्रधानमन्त्री ओली



**पाल्पा,** साउन ४/प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा बैठकमा ( आज) आइतबार विश्वासको मत लिंदै छन् । प्रधानमन्त्रीमा नियुक्त भएको एक हप्तामै उनले संविधानको धारा ७६ (४) बमोजिम विश्वासको मत लिन लागेका हुन् ।

आफ्नै दलको समर्थनमा रहेको पुष्पकमल दाहाल नेतृत्वको सरकार विस्थापित गरी ओली एक हप्ता अघि असार ३० गते संविधानको धारा ७६(२) बमोजिम चौथो पटक प्रधानमन्त्रीमा भएका थिए । ३० दिनसम्ममा विश्वासको मत लिन पाउने व्यवस्था भए पनि प्रधानमन्त्रीले आइतबारकै संसद् बैठकमा विश्वासको मत लिने प्रस्ताव राख्ने कार्यक्रम रहेको एमाले स्रोतले जनाएको छ । नेकपा एमालेले प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिन ह्वीप समेत जारी गरेको छ । प्रधानमन्त्रीको शपथ लिएकै दिन ओलीले मन्त्रिपरिषद्लाई पूर्णता दिइसकेका छन् । मन्त्रिपरिषद्मा काँग्रेस र एमालेका अतिरिक्त जसपा र लोसपा पनि सहभागी छन् । सरकारमा सहभागी नभए पनि जनमत, जसपा नेपाल र नागरिक उन्मुक्तिले पनि सरकारलाई विश्वासको मत दिने यस अघि निर्णय गरिसकेका छन् ।

## विकास र सुशासनमा केन्द्रित हुन जनप्रतिनिधिलाई एमाले पाल्पाको आग्रह

**कृष्ण पोखरेल**

**पाल्पा,** साउन ५/नेकपा एमाले पाल्पाले एमालेबाट निर्वाचित जनप्रतिनिधिहरुलाई विकास र सुशासनमा केन्द्रीत भएर काम गर्न आग्रह गरेको छ । संघ, प्रदेश र स्थानीय तहबाट निर्वाचित जनप्रतिनिधीहरुलाई जनता केन्द्रित, जनता मैत्री भएर विकास निर्माण र सुशासनमा केन्द्रीत रहेर काम गर्न एमालेले आग्रह गरेको हो ।



सुखी नेपाली संमृद्ध नेपालको अभियान पुरा गर्न जिल्ला जिल्लाबाट काम गर्न एमालेबाट निर्वाचित ३ वटै तहका जनप्रतिनिधीहरुलाई एमालेले निर्देशन गरेको छ । केन्द्रमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार निर्माण भएका बेला स्थानीय तहबाटै सुखी नेपाली संमृद्ध नेपालको राष्ट्रिय अभियान सफल पार्न सबै जनप्रतिनिधिलाई एमालेले निर्देशन गरेको हो । पाल्पामा दुई वटै संघीय निर्वाचन क्षेत्र, चार प्रदेश निर्वाचन क्षेत्र मध्ये दुई निर्वाचन क्षेत्र, दश स्थानीय तह मध्ये ६ वटामा प्रमुख, पाँचमा उप-प्रमुख, जिल्ला समन्वय समिति र ८१ वटा वडाहरु मध्ये ४१ वटा वडामा एमालेका उम्मेदवारहरु निर्वाचित भएका छन् । एमाले पाल्पाले ति सबै जनप्रतिनिधिहरुलाई एकै ठाउँ राखेर जनताको आवश्यकतालाई मध्यनजर गरी विकास निर्माणका काम गर्न, आ-आफ्नो क्षेत्रमा सुशासनका कायम गर्न अनुरोध गरेको छ । जनताको भावना अनुसार काम गरेर मिसन ८४ मा एमालेको पक्षमा जनलहर ल्याउने गरी काम गर्न जिल्लाबाट निर्वाचित ३ वटै तहका जनप्रतिनिधीहरुलाई एमाले लुम्विनी प्रदेशका अध्यक्ष राधाकृष्ण कडेलले आग्रह गरे । उनले जनताले पाल्पामा एमालेलाई सधै पहिलो पार्टी बनाएकाले आगामी दिनमा पनि त्यसलाई कायम राख्नुपर्नेमा जोड दिए । पार्टीबाट उम्मेदवार भई जनताबाट निर्वाचित जनप्रतिनिधीहरुले आ-आफ्नो घोषणापत्र, पार्टीको घोषणापत्र, स्थानीय जनताको भावना र आवश्यकता अनुसार कामहरु भएका छन् की छैनन् भनेर समीक्षा गरी भावी योजनाका विषयमा छलफल केन्द्रित भएको एमाले अध्यक्ष ओमबहादुर घर्तीमगरले बताए । छलफलमा एमाले जिल्लाका पार्टी पदाधिकारीहरु, पाल्पा क्षेत्र नं१ का प्रतिनिधीसभा सदस्य नारायण प्रसाद आचार्य, प्रदेश सदस्यहरु राजु प्रसाद श्रेष्ठ, खेमबहादुर सारु, ईन्द्रा गहतराज, जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, उपप्रमुख काशिका गैरे सहित ६ वटा पालिकाका प्रमुख, उपप्रमुखहरु, १० वटै पालिकाका पार्टी अध्यक्षहरुको सहभागिता रहेको थियो । कार्यक्रममा संघीय सांसद नारायण प्रसाद आचार्यले जनताको आवश्यकताको आधारमा पाटीले घोषणापत्र बनाएर, घोषणापत्रलाई आधार बनाएर आफुहरुले काम गर्दै आएको बताए । स्थानीयतहका पालिका प्रमुखहरुले जनताको घरदैलो बस्ती बस्तीमा पुगेर, जनताको हरेक दुःखमा साथ दिएर, पार्टीको मुल उद्देश्य पुरा हुने गरी काम गर्दै आएको बताए । पार्टी अध्यक्ष ओमबहादुर घर्तीमगरको अध्यक्षता, पार्टी उपाध्यक्ष विमल काफ्लेको स्वागत र उपसचिव दीपक विश्वकर्माको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

## सम्पादकीय

# गुरूप्रति सम्मान

आज गुरु पूर्णिमा हो । असार शुक्ल पूर्णिमालाई गुरुपूर्णिमा भनिन्छ । यस दिन गुरुपूजा तथा व्यास जयन्ती मनाइने गरिन्छ । आजको दिन गुरुहरुको विशेष सम्मान गरिन्छ र गर्नुपर्छ भन्ने मान्यता छ । आफूलाई शिक्षा प्रदान गर्ने गुरूप्रति श्रद्धाभाव प्रकट गरी यो पर्व मनाउने गरिन्छ ।

गुरुको अर्थ हुन्छ अन्धकारलाई रोक्ने वा हटाउने । जसले जीवनमा अज्ञानरूपी अन्धकारलाई हटाएर ज्ञानको ज्योति बालिदिन्छन्, उनीहरू नै सच्चा गुरु हुन् । अज्ञानरुपी अन्धकारबाट ज्ञानतर्फ डोऱ्याउने गुरु र गुरुत्वको सम्मान र स्मरण गर्नु आफैमा राम्रो परम्परा हो । वैदिक सनातनी हुन् वा बौद्ध, इसाई वा इस्लाम सबैको जीवनमा गुरू र गुरुत्वको महत्व समान हुन्छ । उनीहरुकै कृपा र सहयोग भएमात्र मानवजातिले ज्ञान, सिप ग्रहण गर्दछ । त्यही ज्ञान र सिपका आधारमा जीवन गति र व्यवहार सञ्चालन हुन्छ । गुरुको प्रार्थना गर्न जति सजिलो छ वास्तवमा सद्गुरु भेट्टाउन त्यति सहज नहुन पनि सक्छ । जन्मलाई कृतार्थ गराउनसक्ने ज्ञान दिने तथा मार्गदर्शन गरिदिने गुरु प्राप्त गर्न गाह्रो पर्छ । जन्म पूर्वजन्मको ज्ञान हुनसक्ने मार्गदर्शन गरिदिने, आत्म ज्ञानको ढोका उघारीदिने सक्षम गुरु वास्तविक सद् गुरु कहलाउँदछ ।

हामी गुरु शब्द सहज रुपमा उच्चारण गर्छौं । वास्तवमा गुरु शब्दले दिन खोजेको संदेश के हो भन्ने विषयमा कमै चिन्तनशील हुन्छौं । गुरू औपचारिक ज्ञान दिने मात्र होइन आफूभन्दा उमेर, ज्ञान, सीप र चेतनाले जो अघि छन् ती सबै गुरू हुन् । गुरूको पूजा भनेकै ज्ञान र सीपको पूजा हो । मानिसलाई ठीक-बेठीक, सत्य-असत्य, न्याय-अन्याय, प्राकृतिक र कृत्रिमको भेद सिकाउने चेतना नै गुरूत्व हो । आजको दिन गुरुप्रति भक्ति प्रकट गर्नेहरुका लागि अति उत्तम हो । तर यो अवसर आज मात्र लिने होइन, सधैंभरी लिनुपर्छ । गुरुको सम्मान एक दिन मात्र होइन सधैंव गर्न सकियो भने मात्र गुरु पूर्णिमा मनाउनुको सार्थकता रहन्छ । यसर्थ गुरु पूर्णिमाको अवसरमा सम्पूर्ण गुरुप्रति सम्मान ।

## Opinion @ Social Network

म खराब होईन,
बस दुनियाले खोजे जति असल हुन नसकेको मात्र हो ।
*(निशा आलेको फेसबुक स्टाटसबाट www.facebook.com//ale.nisha422)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालका राजनीतिक दलहरुमाथि नैतिकताको प्रश्न ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

***देश र जनताको अवस्था सुधारका लागि हजारौंको ज्यान जाने जनयुद्ध हुँदै व्यवस्था र देशको संरचना नै परिवर्तन गरी सत्ता परिवर्तनको आलोपालो अभ्यास गरिरहेका नेपालका राजनीतिक दलहरुले दशकौं समय बेथित गर्दै गर्दा जनतामा सकरात्मक सन्देश दिन नसकेको यथार्थ हो ।***

केही दिन अगाडि फ्रान्सको एक अनलाईन पत्रिकाले नेपालमा विगत १५ बर्षमा १४ जना प्रधानमन्त्री फेरिएको भन्दै नेपाल राजनीतिक अस्थिरताको लागि विश्व च्याम्पियन भएको र सोहि कारण नेपालमा रोजगारी सिर्जना गर्न नसक्दा युवाहरुको देश छोड्ने संख्या अत्याधिक बढ्दै गएको एक समाचार प्रकाशन गर्यो । सत्ता केन्द्रीत राजनीति र राजनीतिक अस्थिरतामा रमाउने राजनीतिक नेतृत्वलाई यसले खासै असर गरेन होला तर सच्चा देशभक्त जनतामा भने यसले थप निराशा उत्पन्न गरायो ।

देश र जनताको अवस्था सुधारका लागि हजारौंको ज्यान जाने जनयुद्ध हुँदै व्यवस्था र देशको संरचना नै परिवर्तन गरी सत्ता परिवर्तनको आलोपालो अभ्यास गरिरहेका नेपालका राजनीतिक दलहरुले दशकौं समय बेथित गर्दै गर्दा जनतामा सकरात्मक सन्देश दिन नसकेको यथार्थ हो । राजनीति स्थिरता र स्थिर सरकार आर्थिक विकास र समृद्धि प्राप्तिका महत्वपूर्ण पक्षहरु हुन् तर आर्थिक समृद्धिका नारा र भाषण गर्ने राजनीतिक नेतृत्वले यस पक्षाको प्राप्तिमा खासै ध्यान दिएको भने देखिदैन् । यसको बदलमा झन् झन् राजनीतिक अस्थिरता र सरकार परिवर्तनको दरमा वृद्धि गर्दै लगेको देखिन्छ । राजनीतिक दल र तीनका नेतृत्वले नैतिकता गुमाउँदै सत्ता केन्द्रीत राजनीतिक प्रवृत्ती बढाउदै लगेको देखिन्छ भने नयाँ देखि पुराना राजनीतिक नेतृत्व यस पक्षमा को भन्दा को कम जस्तै गरी प्रतिस्पर्धा गरेको देखिन्छ । राजनैतिक दल र तीनका नेतृत्वले एक अर्काबिच नैतिकता, प्रतिवद्धता र इमान्दारीता गुमाउँदै छन् भने जनतबाट विश्वास र आस्था । किन नेपालको राजनीतिक नेतृत्व र राजनैतिक दलमा पछिल्लो समय उनीहरुको नैतिकता माथि प्रश्न उत्पन्न भै रहेको होला ? यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**नैतिकता र नेपालको राजनीति:**

विश्व, देश, समाज तथा घरपरिवार एक अर्काको नैतिकता र विश्वासमा अडिएको छ । नैतिकताले नीति सिद्धान्त र असल आचरणलाई जोड दिने गर्दछ तर आज भोली विशेष गरेर नेपालको राजनीतिक नेतृत्वले भाषणमा चर्को रुपमा नैतिकता र नैतिक शिक्षाको महत्व र आवश्यकताको कुरा गरेता पनि व्यवहार र क्रियाकलाप भने यस विपरीत देखाउदै लगेको देखिन्छ । चुनावको अवधिमा जती जनता र राष्ट्रलाई प्राथमिकतामा राखेर काम गर्ने भाषण, घोषणा पत्र जारी गर्ने नेपालका राजनीतिक दलका नेतृत्वहरु जब चुनाव सकिन्छ, व्यवहार र कार्य शैलीलाई छेपारोले रंग फेरे झै फेर्ने गरेको अनुभव र अनुभुती नेपाली जनताले गरेका छन् । हुन् पनि गणतान्त्रिक साशन व्यवस्था अभ्यासको करीब दुई दशकको अवधिमा नेपालका जनता र देशको सेवाका लागि राजनीति गरेका हौ, साशन सञ्चालन गरेका हौं भन्ने राजनीतिक दलका नेतृत्वले नैतिकता ,इमान्दारीता र राजनीतिक संस्कार क्रमश गुमाउँदै गएको कुरामा दुईमत रहँदैन् । जसको कारण राजनीतिक दल, तीनका नेतृत्वप्रती आमजनतामा निराशा, असन्तुष्टि तथा आलोचनात्मक दृष्किोणमा वृद्धि हुँदै गएको देखिन्छ ।

**किन नैतिकता गुमाउँदै छन् त राजनीतिक दलहरु ?**

पुराना र आफुलाई स्थापित राजनैतिक दल र नेतृत्व भन्नेहरुको त कुरै नगरौं । आफुलाई विशिष्ट राजनीतिक दलको नेता मान्य, फरक शैलीको दलको नेता मान्यहरु पनि स्थापनाको छोटो समयमै राजनैतिक नैतिकता र संस्कार गुमाउने र राजनैतिक अस्थिरता ल्याउने कार्यमा अग्रपक्तिमा रहेको देखिन्छ । किन राजनैतिक दलका नेतृत्वहरु नैतिकता र जनताबाट विश्वास र आस्था गुमाउँदै छन् । यहाँ केही पक्षलाई उल्लेख गर्ने प्रयास गरिएको छ ।

**एकै पटक आठ वटा सरकार गुमाउनु पर्ने अवस्था :**

संघीयताको अभ्याससँगै केन्द्रसहित आठ वटा सरकारहरुबाट देशको साशन सञ्चालनको अभ्यास गरिएको छ । सत्ताबाट बाहिरीनु पर्ने अवस्था आउने बित्तीकै विगतमा जस्तो एक सरकार मात्रै गुमाउनु पर्ने अवस्था अहिले देखिदैन् । एकै पटक आठ वटा सरकारहरु गुमाउनु पर्ने देखिन्छ । सरकार गुमाउनु भनेको शक्ति गुमाउनु पर्ने अवस्था भएकाले राजनीतिक दलले सत्ताका लागि मरिमेट्ने गरेको देखिन्छ ।

**विगतको भष्ट्राचार र बेथितीबाट बच्न :**

पछिल्लो समय राजनीतिक स्टाण्ड बाजी र जनताबाट सस्तो लोकप्रियता प्राप्तिका लागि सत्तामा रहेका राजनीतिक दलहरुले भष्ट्राचार र सुशाशन स्थापनका लागि केही गरेभैं नाटक गरेको देखिन्छ भने विगतमा यसैमा रमाएकाहरु भने त्रसित देखिन्छन् कतै छानबिन र कारवाहीमा परिने हो की ? यहि कारण नयाँ पुराना राजनीतिक दलहरु सत्ता बाट बाहिर बस्नै नसक्ने अबस्थामा पुगेको देखिन्छ । सत्ता प्राप्तिका लागि जुनसुकै किसिमको हर्कत गर्न पनि पछि नपर्ने गरेको देखिन्छ । उनीहरु नैतिकता र इमान्दारीता गुमाउदै सत्ता प्राप्ती र सत्ताबाट बाहिर जान नपर्ने खेलमा लागि रहेको देखिन्छ । यसको एउटा उदाहरण हो पछिल्लो समय १८ महिनामा तीन बटा सत्ता समिरण परिवर्तन । कारण हो हरेक दलका मूख्य नेतृत्वले कुनै न कुनै भष्ट्राचार र बेथितीको कार्य गरेको र सत्ता बाहिर हुने बित्तीकै सरकारको कारवाहीमा परिने, छानबीन हुने, राजनीति समाप्त हुने, जेल जानु पर्ने डर र त्रास ।

**डन र गुटको इच्छा मुताविक :**

पछिल्लो समय हरेक राजनीतिक दलहरु भित्र झाँगिदै गएको एक प्रवृत्ती हो गुट, उपगुट र नेता पिछ्लेका चम्चे र डनहरु । यीनैहरुको स्वार्थ परिपूर्तीका लागि राजनीतिक दलहरुलाई दिने सल्लाहका कारण राजनैतिक नेतृत्वले नैतिकता र इमान्दारीता गुमाउदै गएको देखिन्छ ।

**चुनावी खर्च व्यवस्थापनको आधार:**

पछिल्लो समय राजनैतिक दलहरुले चुनावी परिणामलाई आफ्नो पक्षमा पार्नका लागि जस्तो सुकै हर्कत गर्न पनि पछि नपर्ने गरेको सुनिन्छ/देखिन्छ ।

यसका लागि करोडौ रकम खर्च गर्न राजनैतिक नेतृत्व पछि नपरेको देखिन्छ । यसरी गरिएको खर्च उठाउने आधार सरकार रहेको र सरकारमा जाने, मन्त्री हुने विभिन्न गैर कानुनी क्रियाकलाहरु गरेर रकम जम्मा गर्नका लागि नै जस्तोसुकै नैतिकता गुमाएर, लाज पचाएर गठबन्धन बनाउने, फेर्ने गरेको देखिन्छ । एउटै उद्देश्य जनताको दैनिकी र जीवनस्तर सुधारको लागि नभएर पार्टी र आफ्नो लागि आगामी चुनाव खर्च जुटाउनु रहेको देखिन्छ ।

**बजेटको दुरुपयोग गर्न पाईने :**

नैतिकता गुमाउँदै, जनताकाबिचमा अलोप्रिय भएता पनि जुनसुकै कार्य र हर्कत गर्न पछि नपर्ने हाम्रा राजनैतिक दलका नेतृत्व भएको देखिन्छ । यसका लागि उनीहरुको पहिलो प्राथमिकता सरकार नै देखिन्छ । सरकारमा रहेपछि सरकारको बजेटलाई आफ्नो नीजि जस्तै गरि प्रयोग गर्न पाईन्छ । रातारात बजेटका शिर्षक र कार्यक्रमलाई परिवर्तन गर्न पाईन्छ । असमानुपातिक वितरण गर्दै बजेटको ठूलो अंश आफ्नो क्षेत्र, जिल्लामा लान पाईन्छ । कमिसन, आर्थिक प्रलोभनमा करका दरहरुमा,आर्थिक नीतिमा कुनै अदृश्य स्वार्थ समूहको उद्देश्य अनुरुप परिवर्तन गर्न पाईन्छ । यहि स्वार्थका कारण राजनैतिक दल र तीनका नेतृत्वले नैतिकता गुमाउदै गएको देखिन्छ ।

**पद र शक्तिको दुरुपयोग:**

पछिल्लो समय राजनीतिक दलले सरकारलाई शक्ति प्राप्तीको स्रोतको रुपमा प्रयोग गर्दै, प्राथमिकता राख्ने गरेको पाईन्छ । आसेपासेलाई विभिन्न क्षेत्रहरुमा नियुक्ति गर्न पाईने । देशभित्र र बाहिर राज्यको स्रोतको दोहन गर्दै भ्रमण गर्न पाईने । जता गयो त्यतै सत्ताको आडमा सम्मान पाईने । सरकारलाई शक्ति र आसेपासेलाई अगाडि पछाडी लिएर हिड्ने, राज्यका अंगहरुको दुरुपयोग गर्न पाईने आदि कारणले नैतिकता र राजनैतिक संस्कार गुमाउदै सत्तामा रहिरहने, सत्तामा पुग्नै पर्ने धारणा विकास भएको देखिन्छ ।

**आन्तरिक तथा बाह्य शक्तिबाट परिचालित :**

नेपाली राजनैतिक नेतृत्वले नैतिकता गुमाउँदै जानुको कारणको रुपमा कुनै अदृश्य शक्तिबाट परिचालित, आदेशपालक हुनु पनि रहेको छ ।

पछिल्लो समय राज्यका हरेक निकाय, सरकारहरुमा आन्तरिक तथा बाहृय स्वार्थ समूहको हस्तक्षेप बढ्दै गएको र राजनीतिक नेतृत्व सत्तामा पुग्न र रहिरहन पालकको रुपमा उपस्थित भएको देखिन्छ । कार्यबाट जनतामा लोकप्रियता गुमोस् तर सिमित वर्गलाई खुसी पार्नका लागि जस्तो सुकै आघात पर्ने खालको काम गर्न र निर्णय गर्नपछि परेको देखिदैन् ।

**नियुक्ति र भागवण्डा :**

राज्यका हरेक निकायहरु र अंगहरुमा राजनैतिक भागबण्डाका आधारमा नियुक्तीको प्रवृत्ति बढ्दै गएको देखिन्छ । यहि कारण पनि राजनैतिक नेतृत्व नैतिकता गुमाउदै सत्ता केन्द्रीत राजनीतिमा आर्कषित भएको देखिन्छ ।

**निष्कर्ष :**

जनताको साशन व्यवस्थामा छिटो छिटो सरकार परिवर्तनले जनतामा निराशा उत्पन्न भएको भन्दै दुई ठूला दलहरुले सहमती गर्दै स्थिर सरकारका लागि सहकार्य गरेका छन् । यसबाट जनतामा केहि आशा सिर्जना भएको छ । यो आशालाई निराशामा परिणत गर्ने छुट यी दललाई छैन् । विभिन्न स्वार्थ समूहको उद्देश्यलाई साथ दिदै सह कार्य तोड्ने छुट पनि यी दललाई छैन् ।

साथै राजनीतिमा सिद्धान्त, नैतिकता र राजनैतिक संस्कार भएन भने तत्काल क्षणिक लाभ प्राप्त भएता पनि दिर्घकालमा भने आफैलाई समाप्त पार्ने भएकाले क्षणिक स्वार्थ परिपूर्तीका लागि जस्तोसुकै अनैतिक कार्य र इमान्दारीताको व्यापार गर्ने प्रवृत्ती आजैबाट राजनैतिक नेतृत्वले हटाउनु पर्ने जरुरी देखिन्छ । यसो भएमा राजनैतिक स्थिरता र स्थिर सरकारको आशा र परिकल्पना साकार हुने थियो ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक क्षेत्रमा धन खर्च हुनेछ । यात्राका सजगता अपनाउनु पर्नेछ । | **तुला** : सानातिना समस्यामा अल्झनुपर्नेछ। पारिवारिक समस्या पनि बढ्न सक्छ । |
| **वृष** : अरूको भर नपरी सही निर्णय लिन सके थप सफलता र अवसर प्राप्त होला । | **वृश्चिक** : धन लाभका योग देखिन्छ । प्रेम जीवन पनि सफल रहनेछ । |
| **मिथुन** : दुष्ट व्यक्तिको संगतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला । | **धनु** : आँटेको र ताकेको कार्य पुरा होला। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : समाज सेवामा मन लाग्नेछ । सांगीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ । | **मकर** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ । | **कुम्भ** : नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ । |
| **कन्या** : धार्मिक सेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । | **मीन** : आफन्तबाट सहयोग प्राप्त हुनेछ। नयाँ कार्यको थालनी हुनेछ । |

कृषि

# काजुको व्यावसायिक खेतीतर्फ आकर्षित हुँदै किसान



मोरङको पथरी शनिश्चरेका किसान काजु खेतीतर्फ आकर्षित भएका छन् ।

पछिल्लो समय फरक र नयाँ कृषि खेती गर्न रुचाउने कृषकहरुको संख्या बढ्दो छ । काजु देखी ड्रागन, अंगुर, एभोकाडो, किवीको खेती फस्टाइरहेको छ । खेतीका लागि कृषकको आकर्षण पनि बढ्दो र बजारको माग पनि उच्च छ । आजभोली मोरङको पथरी शनिश्चरे-३ का भुवनेश्वर पोखेलको दिनचर्या फेरिएको छ । पूर्वशिक्षक पोखेल बिहान बेलुका आफ्नो बारीमा काजुको बिरुवा स्याहार गरिरहेका हुन्छन् । उमेरले ७५ वर्ष पुगे पनि उनको जोश भने युवाको झैं छ । करिव ३ वर्षअघि तीर्थयात्राका लागि भारतको चारधाम जादा ऋषीकेशबाट ल्याएको काजुको बिरुवाले पोखेललाई व्यवसायी बनाएको छ । तीन वर्षपछि नै तिनै बिरुवाले उत्पादन दिन थाल्यो । अहिले करिव ३ कठ्ठा जग्गामा पोखेलले काजुका बिरुवा लगाएका छन् । पोखेलको बारीमा अहिले काजुदेखि ड्रागन, अंगुर सम्मका बिरुवा छन् । पोखेलले रोपेको काजुले उत्पादन दिन थालिसकेको छ । काजु फल्न थालेपछि खुशी भएका पोखेलले काजुका बिरुवा समेत उत्पादन गर्न थालेका छन् ।

पहिलो वर्ष ५ केजी उत्पादन भएको काजुलाई पुन: रोपेर पोखेलले विरुवा उत्पादन गरे । तिनै बिरुवावाट अहिले उत्पादन शुरु हुन थालेको छ । नेपालमा पनि काजुको व्यावसायीक खेती सम्भव हुन्छ भन्ने उदाहरण बनेका छन् । छोटो समयमा राम्रो आम्दानी हुने भएकाले व्यावसायीक रुपमा काजुको खेती गराउन बिरुवा उत्पादन गरी विक्रीवितरण थालेको उनीको भनाइ रहेको छ । सामुन्द्रिक सतहवाट १ हजार ६ सय मिटर सम्मको उचाइमा हुने काजुको खेती गर्न सकिन्छ । काजुको विरुवा १० फुट भन्दा अग्लो हुन्छ ।

हाल बार्षिक ५ सय भन्दा बढी बिरुवा उत्पादन गर्दै आएका पोखेलले स्थानिय क्षेत्रमा ७५ रुपयाँको दरले बिक्री वितरण गर्दै आएका छन् । नर्सरीवाटै झापा, मोरङ्ग र सुनसरी सम्म बिरुवा बिक्री भएपछि पोखेलको मुहारमा खुशी छाएको छ । बिरुवाको माग पहाडी जिल्ला तेह्रथुमसम्म हुन थालेको छ । बिरुवा उत्पादन थालेको पहिलो वर्ष नै उर्लाबारी नगरपालिका कृषि शाखाले १ सय ५० जति बिरुवा किसानलाई बाँडेर फल उत्पादन हुन थालेको छ । उब्जनी नदिने रुख्खो जमिनमा अन्य काठका बिरुवाको स्थानमा काजुको विरुवा लगाए मनग्य आम्दानी हुने देखिन्छ । वर पिपलको जस्तै ठूलो झाङ्गिने भएकाले ५० केजिसम्म फल्ने पोखेलले आशा लिएका छन् । पोखेलको नर्सरीमा एउटा बोटबाट वार्षिक १५ देखि २० केजीसम्म काजु फल्न थालेको छ । 'व्यावसायीक रुपमा काजुको खेती गर्ने हो भने जागिर खानु र विदेश जानु नपर्ने पोखेलले बताए ।

पथरी शनिश्चरे नगरमा नयाँ नयाँ कृषि खेति शुरु भएको कृषि शाखा प्रमुख सविना राई बताउनु हुन्छ । नगरमा काजु, अंगुर र ड्रागन खेती शुरु भएको र यसबाट कृषकले राम्रो आम्दानी भएको राईको भनाई छ । नगरले कृषकलाई प्रोसाहान गर्न एक वडा एक उत्पादन कार्यक्रमसँगै कृषको मागमा आधारीत कार्यक्रम ल्याएको राईले बताए ।

नेपालमा भारत र भियतनामबाट काजु आयात हुने गरेको छ । आर्थिक वर्ष २०८०/०८१ को पहिलो महिना साउनमा पाँच करोड ८२ लाख ३२ हजार रुपैयाँ बराबरको काजु नेपाल भित्रिएको थियो । बजारमा पाइने भारतीय काजु भन्दा नेपालमा आफैंले उत्पादन गरेको ठूलो रकम बाहिरीनबाट रोकिन्छ । भारतमा मात्रै व्यावसायीक रुपमा उत्पादन हुदै आएको काजुका बारेमा नेपालमा अध्ययन भए आम्दानी र रोजगारी बढ्ने देखिन्छ । काजु स्वास्थ्यवर्द्धक, पोषिलो र तागतिलो हुने भएकाले यसको बजारमा राम्रो माग रहेको छ । काजु प्रतिकेजी १ हजार ६ सय देखि २ हजारसम्म बिक्री हुने गरेको छ । यसको बाहिरी फल पनि वाइन बनाउन केजिको ११ सयका दरले बिक्री हुने गरेको छ ।

*-हिमालय टाइम्स डटकम*

# कृषि मेसिनको प्रयोग एक दशकमा दोब्बर



प्रविधिको विकाससँगै खेतीका लागि कृषि मेसिनको प्रयोग बढ्न थालेको छ । एक दशकको अवधिमा कृषि कर्ममा ट्याक्टरको प्रयोग दोब्बर बढेको पाइन्छ ।

२०६८ सालमा २२ प्रतिशत परिवारले ट्याक्टर प्रयोग गर्दै आएकोमा एक दशकपछि अर्थात् २०७८ मा ट्याक्टर प्रयोगकर्ता परिवार ४० प्रतिशत पुगेको छ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार एक दशक अगाडि ८ लाख ४५ हजार परिवारले ट्याक्टर प्रयोग गर्थे भने पछिल्लो तथ्याङ्कमा यो संखया १६ लाख ३९ हजार पुगेको छ । यिनै प्रयोगकर्तामध्ये एक हुन्, बाराका कोल्हवी नगरपालिका वडा नम्बर १० का धनीराम भगत । उनले ८ बिघा क्षेत्रफल खेतमा ट्याक्टर, थ्रेसर, रोटाभेटर लगायत कृषि मेसिन प्रयोग गर्दै आएका छन् । उनी आठ बिघा खेतमा वार्षिक तीन बाली भित्र्याउँछन् । 'पहिला हातले नै माटो मिलाउनु पर्थ्यो,' भगतले भने, 'अहिले रोटाभेटरले माटो मिलाउन सजिलो भएको छ । अरूको ट्याक्टर प्रयोग गर्दा करिब १ लाख ५० हजार रुपैयाँ खेत जोत्नमै खर्च हुन्थ्यो, अहिले डिजल खर्चमात्रै भए पुग्छ ।'

नेपालमा कृषि मेसिनरी प्रयोगलाई व्यवसायसँग जोड्न सके धेरै अवसर देखिन्छ । नेपाल कृषि मेसिनरी व्यवसायी संघका उपाध्यक्ष सुनिता नेमाफुकीका अनुसार खाद्यान्न बाली उत्पादनमा मात्रै बढी मात्रामा मेसिन प्रयोग भएको छ । उनले भनिन्, 'खाद्यान्न बालीमा मेसिनहरू प्रयोग भइरहेको छ । तर बजारीकरणका लागि उत्पादन हुने बालीमा खासै मेसिनको प्रयोग हुन सकेको छैन ।' जनशक्तिको स्रोत घट्दै गरेको अवस्थामा कृषि क्षेत्रमा कृषि मेसिनरीको प्रयोग गर्न सके नयाँपन आउने उनी बताउँछिन् । राष्ट्रिय कृषि गणना २०७८ अनुसार नेपालमा खेतीमा संलग्न महिलाको सङ्खया ६८ लाख ६३ हजार ४१२ र पुरुषको संखया ६३ लाख ४७ हजार ९३६ छ । तर नेपालमा प्रयोग हुने कृषि यन्त्र महिलामैत्री नभएको नेमाफुकीको भनाइ छ । खेतीमा महिलाको सहभागिता हुने तर कृषि मेसिन महिलामैत्री नहुँदा पनि समस्या देखिएको उनको भनाइ छ । पछिल्लो समय स्थानीय तहले पनि कृषि मेसिनरीका लागि केही बजेट छुट्याउन थालेका छन् । विदेशबाट फर्केकाहरू वा नयाँ पुस्ता प्रविधिमैत्री अर्थात यन्त्रको सहायताले नै खेती गर्न रुचाउन थालेको नेमाफुकीले बताइन् ।

**कृषि मेसिनरीमा समस्या**

नेपालमा कृषि मेसिनरीमा दर्तादिखि लिएर मर्मतसम्भारमा समस्या देखिन्छ । कतिपय किसानले कृषि मेसिन खरिद गरे पनि मर्मतसम्भार हुन नसक्दा प्रयोगविहीन भएका छन् । राष्ट्रिय कृषि गणना २०७८ अनुसार देशभर कुल ४१ लाख ३० हजार ७८९ कृषक छन् । यी कृषकले २२ लाख १८ हजार ४०९ हेक्टर क्षेत्रफलमा कृषि यन्त्र प्रयोग गरेका छन् । यसमध्ये १ लाख १७ हजार ९९१ पावर ट्रिलर तथा मिनी ट्रिलर प्रयोग गरेको पाइएको छ । यी यन्त्रमध्ये अधिकांश मर्मत हुन नसकेर प्रयोगविहीन रहेको सम्बद्ध अधिकारीहरूको भनाइ छ । कृषि मेसिनरी विभिन्न छन् । तर पावर ट्रिलर, मिनी ट्रिलर, ट्याक्टर, थ्रेसर, कम्बाइन हार्भेस्ट, रोटाभेटर, पानी तान्ने मेसिन लगायतलाई मात्रै मेसिनका रूपमा बुझ्ने गरेको पाइन्छ । पछिल्लो समय किसानलाई सरकारले अनुदानमा कृषि मेसिन उपलब्ध गराउँदै आएको छ । अहिले अनुदानमा वितरण गरिएका मेसिनमात्रै प्रयोग भइरहेको नेमाफुकीको भनाइ छ । उनका अनुसार किसानले आफैं मेसिनहरू खरिद गर्न सक्ने वातावरण देखिँदैन । कृषि उत्पादनमा मात्रै मेसिनको प्रयोग सीमित देखिएको छ । उत्पादनपछिका प्रक्रियामा मेसिनहरू प्रयोग भएको पाइँदैन । यसले कृषि उपजलाई बजारसम्म जोड्न नसकिएको नेमाफुकीले बताइन् । 'एउटा मेसिनमा खरिद गर्न लाखौं लगानी लगाउनु पर्छ जुन तुरुन्तै असुल हुँदैन । त्यसैले आफैंले लगानी लगाउन सक्ने अवस्था नै छैन,' उनले भनिन्, 'सरकारको भन्सार दर बढी छ । मिनी ट्रिलर पावर ट्रिलरबाहेक अरु मेसिनको भन्सार शुल्क बढी छ । यसले गर्दा हाम्रो औजार महँगियो ।'

उनका अनुसार मेसिनले काम कसरी गर्छ, कहाँ प्रयोग गरिन्छ, कति बलियो छ भन्ने विषयमा विस्तृत अध्ययन नै हुन सकेको छैन । कृषि मेसिन कृषि उपजको प्रशोधनमा प्रयोग हुन नसकेको उनले बताइन् ।

**सुधारको पक्ष**

नेपालमा बढ्दो मेसिनको दर्तादेखि लिएर प्रयोगको नियमन गर्नुपर्ने देखिएको छ । २०७१ सालतिर १० करोडमा सीमित रहेको कृषि औजार बजार हाल २५ देखि २६ अर्ब रुपैयाँमा पुगेको छ । नेपालमा प्रयोग भइरहेको मेसिनहरूको वर्गीकरण आवश्यक भइसकेको उनले बताइन् । 'जोत्ने मेसिन सबैले किनेका छन् तर धान रोप्ने मेसिन किनेका छैनन्,' उनले भनिन् । वर्षमा एक पटक प्रयोग हुने मेसिनबाट किसानलाई कसरी फाइदा लिने भनेर बुझाउन आवश्यक रहेको नेमाफुकीले बताइन् । धान रोप्ने, गहुँ छर्ने मेसिनहरू किसानले किन्ने गरेका छैनन् । यस्ता मेसिन वर्षको एकदुई पटक प्रयोग हुनाले पनि किसान यस्ता मेसिनप्रति आकर्षित हुन नसकेको पाइन्छ । यस्ता मेसिनका लागि अन्य सवारी साधनमा किस्ताबन्दीको सुविधा दिएजस्तै सुविधा उपलब्ध गराउनुपर्ने उनको भनाइ छ । उनले भनिन्, 'उत्पादनमा प्रयोग हुने मेसिनमा मात्रै होइन, उत्पादनपछि प्रयोग हुने कृषि प्रविधि सरकारले बढाउनु पर्‍यो ।'

*-रातोपाटी डटकम*

# ड्रागन फ्रुट बिक्रीबाट वार्षिक रु १६ लाख आम्दानी

जिल्लाको व्यास नगरपालिका-५ ढोडेनीकी किसान कल्पना गौलीले (ड्रागन फ्रुट) सिउँडी फल बिक्रीबाट गत वर्ष रु १६ लाख आम्दानी गरेकी छन् । नौ रोपनी क्षेत्रफलमा लगाइएका दुई हजार एक सय बिरुवाबाट उनले रु १६ लाख आम्दानी गरेकी हुन् ।

ड्रागन फ्रुटका दाना पाक्न थालेपछि टिप्न र बिक्री गर्न यो समयमा भ्याइनभ्याइ हुने गरेको किसान गौलीले बताइन् । 'माँ अम्बे अलौकिक कृषि फार्म' दर्ता गरी विसं २०७९ मा भारतको हैदराबादबाट 'सी' प्रजातिका बिरुवा ल्याएर खेती सुरु गरेको उनले जानकारी दिइन् ।

'मासिक रु २० हजार बुझाउने सम्झौता अनुसार २० वर्षका लागि जग्गा भाडामा लिएर व्यावसायिक रुपमा खेती गर्दै आएको छु', गौलीले बताइन् । अघिल्लो वर्ष रु १६ लाख बराबरको ड्रागन फ्रुट बिक्री गरेको जनाउँदै यस वर्ष फल राम्रो लागेकाले रु २० लाख बराबरको बिक्री हुने अपेक्षा गरेको छु ।'

'वैशाखदेखि ड्रागन फुल्न सुरु गर्छ, फूल फुलेको ६० दिनको अवधिमा पाक्छ र टिप्नलायक हुन्छ', उनले भनिन्, 'असारदेखि मङ्सिर छ महिनासम्म फल टिप्न सकिन्छ ।'


यसवर्ष पहिलो छिमालमा ३५, दोस्रो छिमालमा एक हजार र तेस्रो छिमालमा एक हजार किलोग्राम ड्रागन फ्रुट टिपिसकेको उनले जानकारी दिइन् । उनका अनुसार ड्रागन फ्रुट तेह्र छिमालसम्म टिप्न सकिन्छ । अधिकांशले फार्ममै आएर खरिद गरी लैजाने गरेका गौलीले बताइन् ।

बाँकी रहेका फल दमौलीका फलफूल र तरकारी व्यवसायीलाई बिक्री गर्ने गरेको उनले जानकारी दिइन् । 'ड्रागन बिक्रीका लागि अन्यत्र लैजानु परेको छैन् । उत्पादित फल दमौलीमा नै खपत हुने गरेको छ', उनले भनिन् । गौलीका अनुसार फार्ममा दैनिक दुई जना कामदारले नियमित रोजगारी पाएका छन् । उत्पादित ड्रागन फ्रुट ग्रेडिङ गरेर प्रतिकिलोग्राम रु पाँचसयदेखि रु सात सयसम्म बिक्री गर्ने गरिएको उनले बताइन् ।

अवलोकनको रुपमा विकास हुँदै पछिल्लो समय गौलीको फार्म अवलोकन केन्द्रका रुपमा विकास हुँदै गएको छ । विद्यालय र कलेजका विद्यार्थी, शिक्षक तथा स्थानीय अवलोकन गर्न यहाँ आउने गरेका छन् ।

ड्रागन फ्रुटका बारेमा जानकारी लिन सरकारी कार्यालयका कर्मचारी, विभिन्न सैसंस्थाका प्रतिनिधिसमेत फार्ममा आउने गरेका किसान गौलीले बताइन् । 'फार्ममा ड्रागन फ्रुट पाकेको समयमा मानिसलाई भित्र पस्न दिने गरे पनि अन्य समयमा रोक लगाउने गरिएको छ', उनले भनिन् । *-रासस*

# तनहुँमा आलु प्रवर्द्धन कार्यक्रम प्रभावकारी



तनहुँमा आलु प्रवर्द्धन कार्यक्रम प्रभावकारी बनेको छ । आलु प्रवर्द्धन कार्यक्रमबाट सहकारीमार्फत् एक हजार रोपनी क्षेत्रफलमा आलुखेती गरिएको र त्यसबाट पाँच सय २९ मेट्रिकटन प्रशोधनयोग्य आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले बताए । जिल्लाका १२ सहकारीमार्फत् एक करोड २१ लाख रुपैयाँको आलुको कारोबार भएको छ ।

सहकारीमार्फत् सञ्चालित कार्यक्रमबाट चार सय ६० परिवार लाभान्वित भएका प्रमुख लामिछानेले बताए । कार्यक्रम अन्तर्गत १२ वटा सहकारीलाई एक करोड चार लाख ९५ हजार रुपैयाँ अनुदान उपलब्ध गराएको लामिछानेले जानकारी दिए । आलु प्रवर्द्धन कार्यक्रमका लागि गएको आर्थिक वर्ष २०८०/८१ मा एक करोड ४० लाख रुपैयाँ विनियोजन गरिएको थियो । सहकारीलाई ७५ देखि ८५ प्रतिशतसम्म अनुदान दिइएको छ । घिरिङ गाउँपालिका-१ को उर्भरा कृषि सहकारी संस्थालाई सात लाख २९ हजार, व्यास नगरपालिका-६ को श्याम्घा साना सिँचाइ कृषि सहकारी संस्थालाई ११ लाख ४९ हजार, व्यास-७ को चउर कृषक समूहलाई तीन लाख २९ हजार, व्यास-९ को कुसुमे उद्यमशील कृषक समूहलाई चार लाख ३० हजार रुपैयाँ विनियोजन गरिएको थियो । त्यस्तै भानु नगरपालिका-५ को भानु सहकारी संस्थालाई तीन लाख ५८ हजार, भानु-७ को थानीमाइ कृषक समूहलाई दुई लाख ३४ हजार, भिमाद नगरपालिका-१ को डुम्रीबेंसी कृषि उत्पादक सहकारी संस्थालाई पाँच लाख ५८ हजार, भानु-८ को देउराली कृषक समूहलाई ६ लाख २१ हजार, भानु-५ को प्रतिज्ञा कृषि सहकारी संस्थालाई दुई लाख ९२ हजार तथा व्यास-९ को राजापानी कृषक समूहलाई नौ लाख ४४ हजार रुपैयाँ अनुदान दिइएको केन्द्रले जनाएको छ । **-उज्यालो खबर डटकम**


# शिक्षकसँग पुष्पलाल : समाजवादी शिक्षा लागु गर्नुपर्नेमा जोड



**पाल्पा,** साउन ५/पुष्पलाल स्मृती प्रतिष्ठान नेपाल पाल्पाले शिक्षकसँग पुष्पलालको योगदानको परिचर्चा गरेको छ । प्रतिष्ठानले ४६ औं पुष्पलाल स्मृती दिवसको अवसरमा प्रतिष्ठानले पाल्पाली शिक्षकहरुसँग अन्तर्क्रिया गरेको हो ।

कार्यक्रममा सहभागी शिक्षकहरुले देशलाई समाजवादतर्फ अघि बढाउन समाजवादी शिक्षा लागु गर्नुपर्ने बताएका छन् । उनीहरुले उत्पादन र श्रमसँग जोडिने शिक्षा नीति कार्यान्वयन नहुँदासम्म संविधानमा लेखे अनुसार देश समाजवादतर्फ जान कठिन रहेकोमा जोड दिए । भाषणमा समाजवादी कुरा गर्ने सत्तामा पुगेपछी पुँजीपती बर्गको पछाडी दौडिने प्रवृत्ति नेपालका सबै कम्युनिष्ट नेताहरुमा रहेको सहभागीहरुले बताए । पुष्पलालको नीति र सिद्धान्तहरुलाई तिलाञ्जली दिएर पद, सत्ता र पैसाको लागि जस्तो सुकै गलत कामको लागि कम्युनिष्ट नेताहरु हाम फाल्ने प्रवृत्तिको अन्त्य भए मात्र पुष्पलालको सच्चा सम्मान ठहरिने शिक्षकहरुले औंल्याए । नेपालमा बामपन्थी धारबाट पुष्पलाल र प्रजातान्त्रिक धारबाट बीपी कोईरालाले प्रतिपादन गरेको राजनीतिक सिद्धान्त लाई नेताहरुले चर्का चर्का भाषण गरे पनि व्यवहारमा कार्यान्वयन नगरेको बक्ताहरुले बताए । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले पुष्पलालले सधै सत्ता पैसा र परिवारवाद भन्दा माथि उठेर काम गरे पनि वर्तमान नेताहरु पुष्पलालको नीति, सिद्धान्त विपरित सत्तामा मात्र ध्यान दिएको बताए । प्रतिष्ठानका संरक्षक अशोक कुमार शाहीले पुष्पलालले गरेका काम विचार सिद्धान्त, दर्शनहरु समाजका विभिन्न पक्षहरुबाट जनतासम्म लैजानु पर्नेमा जोड दिए । पुष्पलालको विचार अनुसार नेपालमा परिवर्तन हुन नसकेको संरक्षक शाहीको विश्लेषण रहेको छ । कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रिय सदस्य रामप्रसाद ढकाल, प्रगतिशिल राष्ट्रिय शिक्षक संगठनका केन्द्रिय सचिव अच्युतराज नेपाल, नेपाल शिक्षक महासंघ पाल्पाका सह अध्यक्ष दिपक पौडेल, नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला अध्यक्ष मोहन सापकोटा, जनता माविका प्रधानाध्यापक हरि प्रसाद घिमिरे, प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य मिलन विश्वकर्मा र शिक्षक तिर्थ गौतम लगायतले पुष्पलालको विचार,दर्शन, नीति सिद्धान्तको बारेमा चर्चा गरेका थिए । कार्यक्रममा प्रतिष्ठानका सदस्य सन्तोष खनालले पुष्पलालको राजनीतिक यात्रा, पुष्पलालको योगदान, राणा शासन तथा पञ्चायत विरोधी आन्दोलनमा खेलेको भूमिका विषयमा जानकारी गराएका थिए । पुष्पलालको यही श्रावण ७ गते स्मृती दिवस परेको छ । पुष्पलालको जन्म १९८१ असार १५ र मृत्यु २०३५ श्रावण ७ गते भएको थियो । प्रतिष्ठानका अध्यक्ष गोविन्द भट्टराईको अध्यक्षता, प्रतिष्ठानका सदस्य झपेन्द्र गहिरेको स्वागत र सदस्य सन्तोष खनालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज गुरु पूर्णिमा, गुरुजनप्रति सम्मान गरेर मनाइँदै



**पाल्पा,** साउन ५/आज देशभर गुरु पूर्णिमा मनाइँदै छ । असार शुक्ल पूर्णिमाका दिन गायत्री, दीक्षा, वेद मन्त्र सुनाउने र शिक्षा दिने गुरुजनप्रति सम्मान भाव प्रकट गरी गुरु पूर्णिमा पर्व मनाइँने गरिन्छ ।

वैदिक धर्मग्रन्थ महाभारतका रचयिता वेद व्यासको जन्मजयन्तीका अवसरमा वैदिक कालदेखि नै मनाउने गरिएको व्यास जयन्तीलाई गुरु पूर्णिमाका रूपमा लिने गरिएको छ । वेदव्यासले वेदान्त, अठार पुराण, उपनिषद्लगायतका धार्मिकग्रन्थ लेखी हिन्दू संस्कृतिलाई ठूलो गुन लगाएको मानिन्छ ।

यस पर्वमा गुरुप्रति कृतज्ञता व्यक्त गर्दै नयाँ वस्त्रआभूषण फेराउने र मिष्ठान्न भोजन गराउने परम्परा छ । संस्कृत भाषामा 'गु' को अर्थ अन्धकार र 'रु' भन्नाले प्रकाश बुझिन्छ । ज्ञानरुपी प्रकाशले अज्ञानरुपी अन्धकारको नाश गराउने व्यक्तिलाई गुरु भनिने तन्त्रशास्त्र र धर्मशास्त्रमा उल्लेख गरिएको छ । अज्ञानता रुपी अन्धकारको नाश गरी जीवनमा ज्ञानको ज्योति दिने, फैलाउने व्यक्तिलाई नै 'गुरु' भनिन्छ । यस्ता गुरुलाई पूर्वीय दर्शन र शास्त्रले ब्रह्मा, विष्णु र महेश्वरसहितका त्रीदेवका रुपमा लिइन्छ । पूर्वीय दर्शन परम्पराका स्थापित धर्मग्रन्थ वेद, पुराण, उपनिषद, रामायण र महाभारतसहित महाकाव्यका रचयिता महामुनि कृष्ण द्वैपायन (वेदब्यास) को जन्म दिन असार पूर्णिमा नै मानिएको हुँदा उहाँप्रतिको सम्मानभावबाट नै हिन्दू परम्परामा यो पर्वको परम्परा बसेको हो । माता-पिताजस्तै गुरुलाई पनि देवता समान मानेर 'आचार्यदेवो भव' भनिने हिन्दू वैदिक परम्परा छ ।

गुरु पूर्णिमाका अवसरमा यस दिन विभिन्न विद्यालय एवं संघसंस्थाले कार्यक्रम गरी शिक्षा, दीक्षा दिने गुरुप्रति श्रद्धाभाव प्रकट गर्ने गरेका छन् । आजै वेदलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभाजन गरी यसको अर्थ बुझाउन सरल संस्कृत भाषामा १८ पुराण र १८ उपपुराणको रचना गर्नुहुने वेदव्यासको सम्झनामा व्यास जयन्ती पनि मनाइन्छ । आषाढ शुक्ल पूर्णिमाकै दिन वेद व्यास जन्मिएकाले यसै दिन व्यास जयन्ती मनाउने गरिएको हो । अर्थात् अरूको उपकार गरे धर्म हुन्छ एवं अरूलाई पीडा दिए पाप लाग्छ भनी मानवतावादी सन्देश दिइएको पाइन्छ ।

## बीपीको स्मरण...

...बीपीबिना नेपालको लोकतान्त्रिक आन्दोलन र सैद्धान्तिक-वैचारिक बहस नै अपूर्ण हुने भएकाले उनीबारे विमर्श हुनु स्वाभाविक नै हो । तर बीपीका अनुयायीहरु काँग्रेसका नेता तथा कार्यकर्ताहरुले नै उनको विचारलाई आत्मसाथ गर्न सकिरहेका छैन । आज काँग्रेसमा बीपी कहाँ छन्, खोज्नुपर्ने स्थिति छ । सोह्रश्राद्ध तथा वर्षदिनको तिथिमा आफ्ना पितृलाई सम्झेजस्तै बीपीलाई हरेक वर्ष साउन ६, भदौ २४ र पुस १६ गते सम्झेर मात्र पुग्दैन । बीपीका विचार र आदर्शबाट ओतप्रोतका साथ पार्टीको जीवनपद्धति सुदृढ बनाउनुपर्छ भन्ने आवाज जनस्तरबाटै उठेको छ ।

## खेलकुद समाचार

# नेपाल र रसियनबिच मैत्रीपूर्ण भलिबल




**काठमाडौं,** साउन ५/नेपाली राष्ट्रिय महिला भलिबल टोली र रसियन टोलीबिच हुने मैत्रीपूर्ण खेल आजदेखि सुरु हुने भएको छ ।

शनिबार नेपाल भलिबल संघले पत्रकार सम्मेलन गरी नेपाल र रसियन टोलीबिचको दुई मैत्रीपूर्ण खेल साउन ६ र ७ गते त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा हुने जानकारी दिइयो । नेपालले काभा महिला नेसन्स लिगको तयारीका लागि रसियासँग मैत्रीपूर्ण खेल खेल्न लागेको हो ।

नेपालस्थित रसियाको दूतावासको विशेष सहयोगमा मैत्रीपूर्ण खेल आयोजना हुनेछ । नेपालले मैत्रीपूर्ण खेल र प्रतियोगिताका लागि १४ सदस्यीय टोली घोषणा गरिसकेको छ । अरुणा शाहीको कप्तानीमा दुई नयाँ खेलाडी समेट्दै टोली घोषणा भएको हो । टोलीको प्रशिक्षक जगदीश भट्ट छन् । उनलाई सहायक प्रशिक्षकमा भरत यादव र रुपेश विष्टले साथ दिएका छन् । नेपालको टोलीमा अरुणा शाही, सरस्वती चौधरी, सलिना श्रेष्ठ, सफिया पुन, निरुता ठगुन्ना, संगम महतो, पुनम चन्द, कामना विष्ट, उषा भण्डारी, शान्तिकला तामाङ, कविता भट्ट, प्रगति नाथ, सुमित्रा रेग्मी र आरती सुवेदी रहेका छन् ।

नेपालसहित पाँच राष्ट्र सहभागी हुने प्रतियोगिता साउन १७ देखि २३ गतेसम्म दशरथ रंगशालास्थित कभर्ड हलमा चल्नेछ । नेपालसँगै इरान, भारत, श्रीलंका र माल्दिभ्सले प्रतियोगिता खेल्नेछन् ।

**वर्गिकृत डिस्प्ले**

*१X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

## कर्पोरेट/स्वास्थ्य समाचार

# पाल्पा आँखा अस्पतालको वार्षिक समीक्षा तथा गोष्ठी



**पाल्पा,** साउन ५/तानसेनमा आँखा अस्पतालको वार्षिक समीक्षा तथा गोष्ठी भएको छ । नेपाल नेत्रज्योति संघ र पाल्पा लायन्स लाकोल आँखा अस्पताल तथा यस अन्तर्गत रहेका आँखा उपचार केन्द्रहरुको वार्षिक समीक्षा तथा गोष्ठी गरिएको हो ।

कार्यक्रममा अस्पताल र अस्पताल अन्तर्गतका संस्थाहरुले आ-आफ्नो संस्थाको वार्षिक कार्यप्रगति सार्वजनिक गरेका छन् । पाल्पा लायन्स लाकोल आँखा अस्पतालका आउटरिच कोर्डिनेटर सन्तोष दर्जी, कालीगण्डकी आँखा उपचार केन्द्रका इञ्चार्ज सुन्दर राना, तिनाउ आँखा उपचार केन्द्रका इञ्चार्ज रमेश साहनी र रैनादेबी छहरा आँखा उपचार केन्द्रका इञ्चार्ज मनोज शर्मा लगायतले आ-आफ्नो अस्पताल र उपचार केन्द्रहरुको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सोही अवसरमा लायन्स लाकोल आँखा अस्पतालका लेखापाल जीवनाथ गैरेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका छन् । कार्यक्रममा कालीगण्डकी आँखा उपचार केन्द्रका संयोजक भीमविश्व भट्टराईले रामपुर आँखा उपचार केन्द्रको समस्याहरुका बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा अस्पताल र उपचार केन्द्रहरुलाई दातृ तथा स्थानीय निकाय, जिल्लामा रहेका विभिन्न सामाजिक संघ सस्थाहरुसँग समन्वय गरेर अगाडि बढ्नु पर्ने, आँखा उपचार सेवालाई थप गुणस्तरीय र प्रभाकारी बनाउनु पर्ने, सरकारले चस्मामा लगाएको करले सेवाग्राहीहरु मारमा परेकाले त्यस विषयमा अस्पतालले सम्बन्धित निकायसँग पहल गर्नुपर्नेमा सहभागीहरुले जोड दिएका छन् । अस्पतालका डाक्टर सुचेन पुनले अस्पताल र उपचार केन्द्रको स्तरवृद्धिका लागि आफ्नो योजना राखेका थिए । संघका अध्यक्ष बुद्धिप्रसाद शर्मा अध्यक्षता, उपाध्यक्ष भिमसेन कार्कीको स्वागत, सचिव राजेन्द्र लिगलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा** (H.A.), **मेडिकल ल्याव्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।

ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

- **आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
- **फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**
- **प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**

**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**

फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई